नेपाल सरकार

स्वास्थ्य तथा  स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय

सिहदरवार, काठमाडौं

# जेनजी प्रदर्शनका घाइतेहरूको वर्गीकरण सम्बन्धी सूचना

जेनजी प्रदर्शनका घाइतेहरूको वर्गीकरण सम्बन्धी कार्यविधि, २०८२" बमोजिम जेनजी प्रदर्शनका क्रममा घाइते भई हालसम्म वर्गीकरण हुन बाँकी रहनु भएका व्यक्तिहरूको वर्गीकरण तथा सिफारिस जिल्लास्तरीय वर्गीकरण सहजीकरण समितिबाट हुने व्यवस्था रहेको व्यहोरा सबैलाइ अवगत नै छ। सो सम्वन्धमा वर्गीकरणलाई प्रभावकारी वनाउन मन्त्रालयले तपशील वमोजिमको अनुरोध गर्दछ।

१.वर्गीकरण हुन छुट्नु भएका जेनजी घाइतेहरूले आवश्यक कागजात सहित जिल्ला प्रशासन कार्यालय वा सरकारी अस्पतालमा सम्पर्क गरी वर्गीकरण प्रक्रिया सम्पन्न गर्नु हुन अनुरोध छ।

२.कार्यविधि बमोजिम प्रत्येक जिल्लामा देहाय बमोजिमको जिल्ला स्तरीय वर्गीकरण सहजीकरण समिति गठन भई वर्गीकरण तथा सिफारिसको कार्य सम्पादन भइरहेको छः

- प्रमुख जिल्ला अधिकारी - संयोजक
- अधिकृतस्तर प्रतिनिधि, जिल्ला समन्वय समिति - सदस्य
- अस्पताल प्रमुख वा मेडिकल सुपरिन्टेन्डेन्ट - सदस्य
- अस्पताल प्रमुख वा मेडिकल सुपरिन्टेन्डेन्टले तोकेका दुई जना विशेषज्ञ चिकित्सक - सदस्य
- अधिकृतस्तर प्रतिनिधि, जिल्ला प्रहरी कार्यालय - सदस्य
- प्रमुख, स्वास्थ्य कार्यालय - सदस्य
- अधिकृतस्तर प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय -सदस्य सचिव

३.जेनजी घाइतेहरूको वर्गीकरण कार्यमा आवश्यक सहजीकरण तथा समन्वय गर्न सबै अस्पताललाई परिपत्र जारी गरी सकिएको छ। कुनै स्वास्थ्य संस्थाले परिपत्र प्राप्त नगरेको भए यसै सूचनालाई आधारमानी वर्गीकरण सम्बन्धी कार्यमा तत्काल सहजीकरण तथा समन्वय गर्नु हुन अनुरोध छ।

४.वर्गीकरण कार्यको प्रभावकारी कार्यान्वयनका लागि गृह मन्त्रालय मार्फत सबै जिल्ला प्रशासन कार्यालयहरूलाई आवश्यक सहजीकरण तथा समन्वयका लागि यस मन्त्रालयबाट परिपत्र समेत गरिएको छ।

तसर्थ हालसम्म वर्गीकरण हुन छुट्नु भएका सबै जेनजी घाइतेहरूले यथाशीघ्र जिल्ला प्रशासन कार्यालय वा सरकारी अस्पतालमा सम्पर्क गरी वर्गीकरण प्रक्रिया सम्पन्न गर्नु हुन अनुरोध छ।

नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय
सिंहदरबार, काठमाडौं

CamScanner